आज मिति २०७८ साल माघ २६ गते बुधबारका दिन जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCMC) का अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा DCMC को बैंठक बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| अध्यक्ष श्री उमेश कुमार ढकाल | प्रमुख जिल्ला अधिकारी, पर्सा |
| सदसय श्री बिरेन्द्र प्रधान | नि.मे.सु. नारायणी अस्पताल, बीरगंज, पर्सा |
| सदस्य श्री मनोज कार्की | प्रमुख सेनानी, चण्डी प्रसाद गण, पर्सा |
| सदस्य श्री रमेश कुमार बस्नेत | प्रहरी उपरीक्षक, जिल्ला प्रहरी का., पर्सा |
| सदस्य श्री तेज प्रसाद पोखरेल | सशस्त्र प्रहरी उपरीक्षक, स.प्र.ब. नेपाल, पर्सा |
| सदस्य श्री दिपक खड्का, | उप-अनु. निर्देशक रा.अ.जि.का पर्सा |
| सदस्य श्री छविरमण भट्टराई | नि.जि.स.अ., जिल्ला समन्वय समिति, पर्सा |
| सदस्य सचिव श्री भिमकान्त पौडेल | स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, पर्सा |

**आमन्त्रित :**

| | |
|---|---|
| श्री खगेन्द्र बहादुर मल्ल | स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, पर्सा |

## निर्णयहरु

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियण्ट ओमिक्रोनसहितको सङ्क्रमण अझ पनि फैलिरहेको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८-१०-२६ गते राती १२:०० बजे देखि अर्को सूचना नभएसम्म लागू हुने देहाय बमोजिमको आदेश जारी गर्न प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने तथा यस अघि मिति २०७८-१०-०५ गते जारी गरिएको सूचना खारेज गर्ने निर्णय गरियो ।

१. सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला वा धैरै मानिस भेला हुने क्रियाकलाप सञ्चालन नगर्ने ।

२. विद्यालय, विश्वविद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरु जनस्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरी सञ्चालन गर्न सक्ने । विद्यालय सञ्चालन गर्दा १२ वर्ष पुरा भएका विद्यार्थीका हकमा नियमित रुपमा तथा १२ वर्ष पुरा नभएका विधार्थीका हकमा आलोपालो दिनमा कक्षा सञ्चालन गर्ने । यसमा स्थानीय तहले आफ्नो पालिकाको संक्रमणको अवस्था विचार गरी आफ्नो क्षेत्रको लागि आवश्यक निर्णय गर्न सक्नेछन ।

३. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्चलगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गरी एक पटकमा ५० जना भन्दा बढी नहुने गरि पूजा, ध्यान वा प्रार्थना गर्न गराउन सकिने ।

४. ब्यापार, व्यवसाय संचालनको हकमा देहाय बमोजिम मापदण्ड पालना गरी सञ्चालन गर्ने :

क. डान्स बार, दोहोरी, नाचघर, लाउन्ज, पब, क्लब लगायतका रात्रिकालिन व्यवसाय, सिनेमा हल, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल तथा फुटसल जनस्वास्थ्य र सुरक्षाको मापदण्ड परिपालना गर्नेगरी फागुन १ गतेबाट राती १० बजेमा नबढ्ने गरी सञ्चालन गर्न सकिने ।

ख. सपिङ मल, डिपार्टमेण्ट स्टोर, सुपर मार्केट वा अन्य प्रकारका पसल एक पटकमा पचास जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको बीचमा कम्तीमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक-पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सञ्चालन गर्ने । जनस्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने ।

ग. पार्टी प्यालेसहरु जनस्वास्थ्यका मापदण्ड पालना गर्दै एक पटकमा कुल क्षमताको बढीमा पचास प्रतिशत वा बढिमा पूर्ण खोप लगाएका १०० जनामा नबढ्ने गरी (बिवाह, ब्रतबन्ध, न्वारन तथा पास्नी जस्ता) धार्मिक, साँस्कृतिक वा सामाजिक कार्यक्रम सञ्चालन गर्ने ।

घ. सबै प्रकारका व्यवसायहरुको अग्रपङ्तिको काउन्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले समय समयमा एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने ।

५. जिल्ला भित्रका सबै सार्वजनिक र सरकारी निकायले स्वास्थ्य मापदण्डको पालना गरी, गराई सार्वजनिक सेवा प्रवाह साविक बमोजिम सुचारु गर्ने ।

६. जिल्ला भित्रका सबै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोबाईलमा फोटो भएपनि हुने) अनिवार्य गर्ने ।

७. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

८. खेलकुद कार्यक्रम सञ्चालन गर्दा एक पटकमा कुल दर्शक क्षमताको पचास प्रतिशतमात्र उपस्थित रहने गरी जनस्वास्थ्यको मापदण्ड तथा सम्बन्धित खेलको अन्तर्राष्ट्रिय प्रोटोकल परिपालना गरी सञ्चालन गर्ने ।

९. ईनर्वा सिमानाकाबाट आउने यात्रुको नाकामा स्थापित हेल्थ डेस्कमा स्वास्थ्य चेकजाँच र एन्टिजेन परीक्षण गर्ने गराउने । परीक्षणको नतिजा नेगेटिभ आएमा गन्तव्यमा जान सहजीकरण गर्ने । नतिजा पोजिटिभ आएका बिरामीलाई आवश्यकता अनुसार आईसोलेसन केन्द्र र अस्पतालमा उपचारको व्यवस्था मिलाउने । यस कार्यलाई थप प्रभावकारी बनाउने । नाकाबाट आउने यात्रुको अभिलेख व्यवस्थित गर्ने । आवागमनमा थप कडाई गर्ने । इनर्वा सीमा नाका बाहेक अन्य नाकाहरुमा सम्बन्धित स्थानीय तहहरुले हेल्थ डेस्क संचालन गर्ने गराउने । इनर्वा नाकामा भेटिएका संक्रमितलाई सम्बन्धित गन्तब्य स्थलसम्म सुरक्षित रुपमा पुर्‍याउन सहयोगी संस्थाहरुसँग सवारी साधनको सहयोगको लागि अनुरोध गर्ने ।

**१०. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहायबमोजिम गर्ने :**

क. सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

ख. सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,

ग. सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

घ. चालक तथा सहचालकले मास्क र फेस-सिल्ड लगाउनु पर्ने,

ङ. सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने,

च. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,

छ. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

ज. लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीचबाटोमा थप यात्रु नचढाउने गरी सुरु गन्तब्य देखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला प्रहरी कार्लयलय मार्फत जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (DCMC) लाई उपलब्ध गराउने ।

झ. लामो दूरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई सम्भव भएसम्म एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने ।

**११. होटेल र रेष्टुरेण्टले देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने :**

क. होटेल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क, फेस-सिल्ड र पञ्जा लगाउने,

ख. होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

ग. कुल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,

घ. सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

ङ. होटेल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने,

च. कुनै सेवाग्राही मास्क नलगाई आएमा ब्यवस्थापकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउनेलाई प्रवेश गर्न नदिने ।

छ. खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्न दिने,

ज. होटेलले चेक-इन गर्दाको अवस्थामा वा चेक-इन गरेको २४ घण्टा भित्र आफ्नो होटेलमा बास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने, त्यसपछि प्रत्येक ७२ घण्टामा एन्टिजेन परीक्षण गर्ने र सोको विवरण DCMC लाई उपलब्ध गराउने ।

१२. जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को चिह्न वा लक्षण देखिएमा अनिवार्य रुपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र ५ दिन पछि कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने ।

१३. नियमित रुपमा सञ्चालन हुनुपर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने ।

**१४. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहायबमोजिम गर्ने :**

क. जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गर्ने ।

ख. घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने ।

ग. घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क जथाभावी नफाल्ने ।

घ. विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा पाँच दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने ।

ङ. पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिँडडुल, भेटघाट र बैठक नगर्ने ।

च. स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।

छ. अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने ।

ज. होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्यसम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।

झ. नेपाल सरकारले तोकेबमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने ।

१५. यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्बन्धित निकाय, सार्वजनिक, निजी, गैरसरकारी सङ्घसंस्था, कल कारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्नु गराउनु पर्ने ।

१६. कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि नेपाल सरकारबाट भएको निर्णय र यस आदेशको पालना गराउन सबै राजनीतिक दल, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था, संचार जगत र आमनागरिक सबैलाई आवश्यक सहयोग, समन्वय एवं सहजीकरणको लागि अनुरोध छ ।

१७. यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यस आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुऱ्याउने व्यक्ति तथा संस्थालाई प्रचलित कानून बमोजिम कारबाही र सजाय हुनेछ ।

१८. ठाकुर राम बहुमुखि क्याम्पसको च.नं. ३५, मिति २०७८-१०-१२ गतेको पत्रबाट सो क्याम्पसमा क्वारेन्टिन सञ्चालन गरेको बखतको बिद्युत महशुलका रकमबारे यथार्थ विवरण संकलन गरी पेश गर्न जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत श्री विनय कुमार श्रीवास्तवको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालय र नेपाल विद्युत प्राधिकरणको अधिकृत स्तरको कर्मचारी रहने गरी तीन सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।